# आकाशवाणी समाचार- नेपाली

मितिः २६ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले वैश्विक चुनौतिहरु बीच सामूहिक प्रयास अनि राष्ट्रीय एकताको आह्वान गर्नुभएको छ।
- रक्षा मंत्री राजनाथ सिंहले हिज साझ नयाँ दिल्लीमा वरिष्ठ मंत्रिहरुको अनौपचारिक समूहको बैठकको अध्यक्षता गर्नुभयो।
- वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले -भारतमा मत्स्य पालन, आजीविका अनि खाद्य सुरक्षाको एक महत्वपूर्ण स्रोत रहेको बताउनुभएको छ।
- मौसम विभागले आज उत्तरपूर्वी भारतमा गर्जनसाथ भारी वर्षा हुने पूर्वानुमान गरेको छ।
- इंडियन प्रीमियर क्रिकेट लीग-आईपीएल को 19औ संस्करण हिज देखि बेंगलुरूमा शुरू भएको छ।

**प्रधानमंत्री मोदी-नोएडा हवाई अड्डा**

प्रधानमंत्री नरेंद्र मोदीले वैश्विक चुनौतिहरु बीच सामूहिक प्रयास अनि राष्ट्रीय एकताको आह्वान गर्नुभएको छ। उहाले भन्नुभयो कि संसदमा पश्चिम एशियामा चलिरहेको संघर्षबाट उत्पन्न संकटसित जुझ्ने बिषयमा विस्तारसित उहाले कुरा गर्नुभएको अनि मुख्यमंत्रिहरुसित विस्तृत चर्चा गरिएको बताउनुभयो। प्रधानमंत्रीले हिज उत्तर प्रदेशको गौतम बुद्ध नगर जिल्लाको जेवरमा नोएडा अंतरराष्ट्रीय हवाई अड्डाको पहिलो चरणको उद्घाटन गरे पछि यसो भन्नुभएको हो। प्रधानमंत्रीले शांत मन अनि धैर्यलाई भारतीयहरुको सबैभन्दा ठुलो शक्ति बताउनुभयो अनि यसको मध्यमद्वारा देशवासिहरुसित बर्तमानमा रहेको संकटसित जुझ्ने अपील गर्नुभयो।

**BYTE- मोदी**

श्री मोदीले दोहोर्याउनु भयो कि जो भारतीयहरु भारतको हितमा छन् उनीहरुनै भारत सरकारको नीति अनि रणनीति हुन्। उहाले विश्वास व्यक्त गर्नुभयो कि सबै राजनीतिक दलले देशको संयुक्त प्रयासहरुलाई दह्रिलो बनाउनेछ।

**राजनाथ सिंह - पश्चिम एशिया बैठक**

रक्षा मंत्री राजनाथ सिंहले हिज साझ नयाँ दिल्लीमा वरिष्ठ मंत्रिहरुको अनौपचारिक समूहको बैठकको अध्यक्षता गर्नुभयो जसमा उहाले पश्चिम एशियामा बद्लनदो परिदृश्यलाई ध्यानमा राख्दै एक सक्रिय, समन्वित अनि दूरदर्शी दृष्टिकोणको आवश्यकता माथि जोर दिनुभयो अनि सतर्क रहने बताउनुभयो।श्री सिंहले बैठकमा सचिवहरुको अधिकार प्राप्त समूहहरुको स्थितिको निरंतर निगरानी गर्ने मध्यम देखि लिएर दीर्घकालिक तैयारीको दृष्टिकोण अपनाउने , उच्च स्तरीय समन्वय बनाई राख्ने अनि त्वरित निर्णय लिन सुनिश्चित गर्नको लागि मार्गदर्शन दिनुभयो। उहाले भारतको सुदृढ़ता अनि तत्परता सुनिश्चित गर्नको लागि सबै संबंधित मंत्रिहरुबाट रचनात्मक सुझाव पनि मान्नुभयो। यस बैठकमा केंद्रीय मंत्री निर्मला सीतारामन, हरदीप सिंह पुरी, जेपी नड्डा, जितेंद्र सिंह, के राममोहन नायडू अनि अन्य मंत्री उपस्थित थिए।

**गोयल- मत्स्य पालन डब्लूटीओ**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभएको छ कि भारतमा मत्स्य पालन आजीविका अनि खाद्य सुरक्षाको

एक महत्वपूर्ण स्रोत हो जसले 90 लाख भन्दा अधिक मछुआराहरुलाई समर्थन गर्दछ। यसमा अधिकतर साना अनि पारंपरिक जल्हारीहरु सामेल छन्। श्री गोयलले कैमरूनको याउंडेमा विश्व व्यापार संगठनको 14औ मंत्रिस्तरीय सम्मेलनमा मत्स्य पालन सब्सिडी माथि एक सत्रमा यसो भन्नुभएको हो। सोशल मीडिया पोस्टमा श्री गोयलले भन्नुभयो कि सत्रको अवधि उहाले भारतको सक्रिय अनि ऐतिहासिक संरक्षण प्रयासहरु माथि प्रकाश पर्नुभयो जसमा माछा पक्रिनु माथि लगाईएको वार्षिक प्रतिबंध पनि सामेल छ। श्री गोयलले भन्नुभयो - यो सुनिश्चित गर्नु आवश्यक छ कि सबै निर्णय निष्पक्ष होस् अनि कमजोर समुदायहरु माथि यसको असमान असर नपरोस्।श्री गोयलले विश्व व्यापार संगठनको सम्मेलन अवधि मोज़ाम्बिकका अर्थव्यवस्था मंत्री बेसिलियो ज़ेफ़ानियास मुहातेसित भेट गर्नुभयो। यस अवधि दुवै पक्षले सम्मेलनको एजेंडाहरु माथि विचार साझा गर्नुभयो। यस बैठकमा दुवै देशको प्रमुख क्षेत्रहरुमा व्यापार अनि निवेशलाई प्रोत्साहन दिने बिषय माथि पनि चर्चा भयो। श्री गोयलले हालमा आएको विनाशकारी बाढ़ द्वारा प्रभावित मानिसहरु प्रति भारतको गहिरो एकजुटता अनि मोजाम्बिकलाई निरंतर समर्थन दिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीबाट 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 132औ प्रकरण हुनेछ। कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै नेटवर्क, एआईआर न्यूज़ वेबसाइट अनि न्यूज़ऑनएयर मोबाइल ऐपमा गरिनेछ। यसको सीधा प्रसारण एआईआर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि हुनेछ। हिंदी प्रसारणको तुरन्तै पछि प्रादेशिक भाषाहरुमा पनि यो कार्यक्रम प्रसारित हुनेछ।

**पश्चिम बंगाल-एसआईआर न्यायाधीश**

पश्चिम बंगालको कूच बिहार जिल्लामा तृणमूल कांग्रेस जिला अध्यक्षले मतदाता सूचीको गहन पुनरीक्षण कार्य अंतर्गत थातीमा रहेको मामलाहरुको सूचीको समाधानमा सामेल दुई जना न्यायाधीशहरुलाई कथित धमकी दिएका छन्। उच्च न्यायालयका मुख्य न्यायाधीश सुजॉय पालले राज्य पुलिस महानिदेशकलाई यस मामलामा कार्रवाही गर्ने निर्देश दिनुभएको छ। जिला अध्यक्षको लेटरहेडमा एक पत्र पठाईएको थियो जसमा विचाराधीन नामहरुको समाधान माथि असन्तुष्टि व्यक्त गरिएको थियो अनि जिम्मेदार न्यायाधीशहरुलाई कथित रुपमा धमकी दिएको थियो। दुवै न्यायाधीशहरुले ईमेलको माध्यम द्वारा मुख्य न्यायाधीशलाई यस मामलाको जानकारी दिए। त्येस पछि मुख्य न्यायाधीशले राज्य पुलिसलाई आवश्यक कार्रवाही गर्ने निर्देश दिनुभयो।

**पश्चिम बंगाल - कांग्रेस चुनाव**

कांग्रेस पार्टीले आगामी पश्चिम बंगाल विधानसभा चुनावमा सबै २९४ सिटमा उम्मेदवारी दिने घोषणा गरेको छ। कांग्रेस नेता अधीर रञ्जन चौधरीले नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्दै उक्त बयान दिनु भएको हो।

**निर्वाचन क्षेत्र - जोरहाट**

आसामका सबै १२६ विधानसभा क्षेत्रहरूको लागि एकै चरणमा मतदान हुने तालिका रहेकोछ। जोरहाट विधानसभा क्षेत्र असमको सबैभन्दा महत्त्वपूर्ण र प्रतिष्ठित निर्वाचन क्षेत्रहरू मध्ये एक हो।

विवरण सम्वादाता बाट

**अनिवार्य घोषणा**

आकाशवाणी समाचारको विशेष कार्यक्रम, " 'पीपल्स पद्म ऑन आकाशवाणी' को अर्को श्रीन्खलामा श्री मोहन नगरको अन्तर्वार्ता लिनेछ। वातावरण संरक्षण र समाज कल्याणमा उत्कृष्ट योगदान पुऱ्याएकोमा श्री नगरलाई पद्मश्री प्रदान गरिनेछ।

**बाइट:**

यो पोडकास्ट आज बिहान ९:१० बजे आकाशवाणी गोल्ड च्यानलमा प्रसारण हुनेछ। स्रोताहरुले यसलाई न्यूज अन एयर एप र न्यूज अन एयरको आधिकारिक युट्युब च्यानलमा पनि सुन्न सक्नुहुन्छ।

**नेपाल - सुधार एजेंडा**

नेपालको नयाँ सरकारले बर्ष 1990 देखि 2026 सम्म सार्वजनिक पदहरुमा रहेका राजनीतिक नेताहरु अनि उच्च पदस्थ अधिकारिहरुको संपत्तिको जांच गर्न एक समितिको गठन गर्ने घोषणा गरेको छ। प्रधानमंत्री बलेंद्र शाहको नेतृत्वमा रहेको सरकारले हिज जारी गरेको 100 सूत्रीय शासन सुधार एजेंडामा भनिएको छ कि 15 दिनहरु भित्रमा एक शक्तिशाली संपत्ति जांच समितिको गठन गरिनेछ। यो निर्णय यस्तो समयमा आएको छ जब बिगत तीन दशकहरुमा सरकारको नेतृत्व गर्ने धेरै राजनेताहरुले भ्रष्टाचारको आरोपहरुको सामना गरिरहेका छन् अनि विभिन्न पक्ष् हरुको जांच निकाय बनाउने मांग बढिरहेको छ।

**मौसम**

मौसम विभागले आज उत्तरपूर्वी भारतमा भारी वर्षा, मेघगर्जन र चट्याङ पर्ने पूर्वानुमान गरेको छ। विभागले आगामी दुई दिनमा दिल्ली, हरियाणा, चण्डीगढ, हिमाचल प्रदेश, पञ्जाब र राजस्थानमा असिना र मेघगर्जन हुने पूर्वानुमान पनि गरेको छ। जम्मू कश्मीर, लद्दाख, गिलगिट-बाल्टिस्तान र मुजफ्फराबादमा पनि यस्तै अवस्थाको अनुमान गरिएको छ। यसैबीच, मंगलबारसम्म बिहार, मध्य महाराष्ट्र, मराठवाडा, ओडिशा, तेलंगाना, उत्तराखण्ड र मध्य प्रदेशमा मेघगर्जन र तेज हावा चल्ने अनुमान गरिएको छ। मौसम विभागका अनुसार उत्तर प्रदेश बाहेक उत्तरपश्चिम भारतमा आगामी २४ घण्टामा अधिकतम तापक्रम दुई देखि चार डिग्री सेल्सियसले बढ्ने अनुमान गरिएको छ।

**आईपीएल क्रिकेट**

इंडियन प्रीमियर क्रिकेट लीग-आईपीएल को 19औ संस्करण हिज देखि बेंगलुरूमा शुरू भएको छ। बेंगलुरूको एम.चिन्नास्वामी स्टेडियममा खेलिएको प्रतियोगिताको पहिलो म्याचमा रॉयल चैलेंजर्स बेंगलुरूले सनराजर्स हैदराबादलाई 6 विकेटले पराजित गरेको छ। हैदराबादको 202 रनको लक्ष्यलाई बेंगलुरूले 15 ओवर अनि 4 बलमानै प्राप्त गर्यो। आईपीएल मा आफ्नो पहिलो म्याच खेलिरहेको जैकब डफीले बेंगलुरूको लागि तीन विकेट लिएर प्लेयर ऑफ द म्याच बने।

प्रतियोगिताको दोस्रो म्याचमा आज मुम्बईको वानखेड़े स्टेडियममा मुम्बई इंडियन्सको भिडन्त कोलकाता नाइट राईडर्ससित हुनेछ। यो म्याच साझ 7 बजेर 30 मिनेट जाँदा शुरू हुनेछ।